

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ३ गते शुक्रबार ❑ 17 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नेपाल विश्वकप छनोटमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेपाल एकदिवसीय विश्वकप प्रतियोगिताको क्वालिफायरमा पुगेको छ।

बिहीबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा संयुक्त अरब इमिरेट्स (यूएई)लाई पराजित गदै क्वालिफायरमा पुगेको हो । नेपालले युएईलाई डकवर्थ लुइस नियमअनुसार ९ रनले पराजित गरेको हो । युएईले दिएको ३११ रनको विशाल लक्ष्य पछ्याउने क्रममा नेपालले ४४ ओभरमा छ विकेटको २६९ रन बनाएको थियो । त्यसपछि पर्याप्त प्रकाश



नभएका कारण अम्पायरले खेल रोकेपछि नेपाल विजयी भएको हो। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले छ विकेटको क्षतिमा ३११ रन विशाल लक्ष्य नेपालसामु


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कानूनी जटिलता विकासको अवरोध बनेको छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २ चैत

नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जटिल र झन्झटिलो कानूनी प्रक्रियाका कारण जनताले सजिलै न्याय पाउन नसकेको बताउनुभएको छ।

नेपाल ल क्याम्पसका अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(अनेरास्ववियु)ले आज यहाँ आयोजना गरेको 'कानूनका विद्यार्थीसँग केपी ओली' कार्यक्रममा अध्यक्ष ओलीले नागरिकको न्यायमा सहज पहुँचका लागि कानूनी जटिलताहरू हटाउनपर्ने बताउनुभयो।

कार्यक्रममा विद्यार्थीसँगको अन्तर्क्रियामा उहाँले भन्नुभयो, "आजको विश्वमा हरेक क्षेत्रमा नियम कानूनले चल्छ र चल्नपर्छ । तर नियम कानूनको यति जञ्जाल बनेको छ कि त्यो पार गरिसक्दासम्म काम गर्ने समय सकिन्छ। प्रशासनिक ढिलासुस्ती पनि कानूनी प्रक्रियाका कारणले भैरहेको छ । कतिपय कानून र कानूनी प्रक्रियाले विकासका काममा अवरोध पुर्‍याएको छ। "

उहाँका अनुसार कानूनको सहज कार्यान्वयनको परिस्थिति हुनुपर्छ । "कानूनको उपयोगिता र सहज कार्यान्वयन दुवै हुनपर्छ । अन्यथा कानूनी प्रक्रियाको जटिलताले समाजको अग्रगमन, प्रगति, विकास, सुशासन र न्याय प्राप्तिलाई अप्ठ्यारोमा पार्छ", उहाँले भन्नुभयो । विद्यार्थीहरुले अध्यक्ष ओलीद्वारा प्रतिनिधिसभा विघटनको प्रयास, देशको आर्थिक अवस्था, बेरोजगारी, कानून कार्यान्वयनमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



## अग्रज कलाकार वात्स्यायनलाई शनिबार पोखरामा रथारोहण गरिने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेपालका चर्चीत कलाकार (काटुनिष्ट) दुर्गा बराल (वात्स्यायन) लाई शनिबार पोखरामा नागरिक अभिनन्दन तथा रथारोहण गरिने तयारी गरिएको छ।

यही चैत ४ गते शनिबार उनलाई पोखरेली युवा सांस्कृतिक परिवारको अगुवाइमा पोखराका साहित्यिक र वाङ्मयिक संस्थाहरुले सामुहिक रुपमा नागरिक अभिनन्दन तथा रथारोहण गरिने तयारी गरिएको परिवारका अध्यक्ष उपेन्द्र पौडेलले बताए।

पोखरा १३ मा जन्मिएका कलाकार बराल यही चैत ५ गते ८० बर्ष पूरा गरी ८१ बर्षमा प्रबेश गरेको पूर्व सन्ध्यामा शनिबार सार्वजनिक बिदा भएको हुनाले पोखरामा नगर परिक्रमा सहित सम्मान गरिने भएको अध्यक्ष पौडेलले जनाए। चित्रकारितामा सक्रिय भई उहाँले नेपाली चित्रकारितालाई अति यथार्थवादी धारमा डोऱ्याउन अतुलनीय योगदान पुर्‍याउदै आएकोले त्यसको उच्च




मुल्याङकन गर्दै सम्मान गर्न लागिएको उनले जनाए।

सानै उमेरमा धुलीमाटीमा औंलाले चित्र बनाउनेदेखि अहिलेसम्म चित्रकारितामा सक्रिय भई पोखरालाई पानी रङको चित्रकारितामा स्थापित गदै कलाकार बराललै थुप्रै अनुजहरुलाई दीक्षित पारेका छन्। बरालले वात्स्यायनका नाममार्फत व्यंग्यचित्रका माध्यमबाट नेपालीको समाज र राजनीतिका विकृति, विसंगति केलाउँदै व्यंग्यचित्रकारितामा सर्वोच्च शिखरकारुपमाआफूलाईउभ्याउन सफल एक कलाकार हुन् । व्यंग्यचित्रकारिताका माध्यमबाट नेपाली प्रजातान्त्रिक आन्दोलनलाई प्रेरित गर्दै प्रजातन्त्रको संस्थागत विकास र सुदृढीकरणमा कलाकार बरालको विशिष्ट योगदान रहेको परिवारले जनाएको छ। पोखरामा शारीरिक सुगठन कला भित्रयाउने र प्रशिक्षण गर्ने श्रेय पनि बराललाई जाने अध्यक्ष पौडेलले जनाए । पोखरामा फोटोग्राफी कला र व्यवसाय विस्तार र प्रशिक्षणमा पनि उनको उतिकै योगदान रहेको उनले जनाए । राजधानी काठमाडौं बस्न छाडेर जन्मभूमि पोखरालाई कर्मथलो बनायर पनि अन्तराष्ट्रिय क्षेत्रसम्म प्रभाव पार्दै चम्किएका कलाकार बराल पोखरा देशकै अमूल्य रत्नको रुपमा हेर्न थालिएको छ । सरल स्वभावका कलाकार बराल सधै हसिलो मुहारमा देखिन्छन् । शनिबार कलाकार बरालकै निवास पोखरा ३ नदीपुरबाट रथारोहण सुरु भई कन्या क्याम्पस गेट अगाडी, बालमन्दिर स्कुल अगाडी, नदीपुर, पृथ्बीनारायण क्याम्पस गेट, ट्याक्सीचोक, बागबजार हुदै विन्ध्यवासिनी मन्दिर परिसरको सभाकक्ष पुग्ने भएको अध्यक्ष पौडेलले बताए। साथै परिवारले उक्त कार्यक्रममा सहभागि हुन सम्पूर्ण पोखरेलीजनलाई आमन्त्रण समेत गरेको छ।

पोखरामा परिवारको अगुवाईमा साहित्यिक संस्थाहरुले सम्मान गर्ने खबरले आफु निकै हर्सित भएको उनले बताए । उनलाई यस अघि विभिन्न संघ संस्थाले चितवन र पोखरामा पनि अभिनन्दन सहित रथारोहण समेत गराएका थिए।

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट यस अघि विभिन्न संघ संस्थाबाट समेत सम्मानित भएका कलाकार बराल बाल्यकालमा क, ख रा सिक्नु भन्दा पहिला चित्र कोर्नबाट चित्रकारिता प्रारम्भ गरेका हुन् । समय र परिवेसले चित्रकार बनेको स्मरण गर्दै कलाकार बरालले एउटै बिषयमा लामो समय लाग्दा त्यसबाट धेरै उपलब्ध हासिल गर्न सकिने बताए । नेपालमा अझै पनि आफुहरुले सोचे अनुसारको व्यवसायीक कलाकारीता हुन नसकेको उनको बुझाई छ। करिब १२ देश भ्रमण समेत गरेका कलाकार बरालले नेपालमा कलाकारीतालाई अझै व्यवसायी बनाउन नसकिएको बताए । आफ्नो मुख्य पेशा नै कलाकारिता भए पनि आफ्नो लगानी अनुसारको प्रतिफल भने कमै भएको उनको गुनासो छ।

## नौलो घुम्ती नेपालद्वारा प्रतिक्षालय निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नौलो घुम्ती नेपालद्वारा कास्की जिल्ला, जिल्ला प्रशासन कार्यालय कास्कीको परिसरमा रहेको जिर्ण प्रतिक्षालय पुनर्निर्माण गरी एक कार्यक्रमका बिच हस्तान्तरण गरेको छ।

उक्त कार्यक्रममा संस्थाका पुर्व अध्यक्ष तथा सल्लाहकार खड्गबहादुर बहादुर रानाभाटले प्रतिक्षालय पुनर्निर्माण भए सङ्गै जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीलाई सहज हुनुका साथै थप ब्यवस्थित हुने बताउनुभयो । संस्थाका अध्यक्ष बद्रीविनोद खनालले जिल्ला प्रशासन कार्यलय कास्कीसंगको सहकार्यमा प्रतिक्षालयल पुनर्निर्माण गर्न पाउँदा संस्थाले गर्व महसुस गर्नुका साथै समाजिक उत्तरदायित्व निर्वाह गरेको महशुस भएको छ यस कार्यले दुई संस्था बिचको सम्बन्ध थप प्रगाड



रहने बताए। सो अवसरमा प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसिले नौलो घुम्ती नेपालले कास्की जिल्ला लगायत देशका विभिन्न जिल्लाहरुमा लागुपदार्थ परामर्श उपचार तथा पुनर्स्थापना तथा सामाजिक विकासका विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गरेको र आगामी दिनहरूमा पनि संस्थाले यसरिनै काम गरोस भन्ने शुभकामना ब्यक्त गर्दै जिल्ला प्रशासन कार्यालय कास्कीले आवश्यक सहयोग र समन्वय गर्ने वताए। कार्यक्रममा पुर्व अध्यक्ष तथा सल्लाहकार पदमराज पहारी, संस्थाका वरिष्ठ उपाध्यक्ष सुरेन्द्र थापा मगर, कोषाध्यक्ष महेन्द्र कुमार गुरुङ, सदस्य ढुण्डीराज ज्ञवाली, कार्यकारी निर्देशक अनेश गुरुङ लगायतको उपस्थिति रहेको थियो भने कार्यक्रम सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले संचालन गरेका थिए।

## मिसन ग्रास रूट अभियान एमालेलाई जनताको भरपर्दो साथी बनाउने अभियान - युवा नेता रश्मि आचार्य


**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

नेकपा एमाले गण्डकी प्रदेश कमिटीका उप सचिव युबा नेता रश्मि आचार्यले देशको समृद्धिको वाहक, देश भक्तिपूर्ण आन्दोलनको अभियन्ता र जनताको भरपर्दो सारथी एमाले नै रहेको बताउँदै मिसन ग्रासरुट अभियानमा यिनै सकारात्मक कुराहरुको जनस्तर सम्म प्रचार गर्न मुक्ति समाजका सम्पूर्ण सदस्यहरुसँग आग्रह गर्नुभयो।

मिसन ग्रासरुट अभियान २०७९ अन्तर्गत बिहीवार नेपाल राष्ट्रिय उत्पिडित मुक्ति समाज कास्कीको बैठकलाइ सम्बोधन गर्दै नेता आचार्यले जनताका दै



निक जीवनयापनका कुराहरू र सुखदुःखमा साथी बन्दै आएको र एमाले सधैं साथी हो भन्ने कुरा प्रमाणित भएको कुरा जनतालाइ बुझाउन अभियान संचालन भएको हुँदा सोही अनुसार जनताको घर दैलोमा पुग्न आग्रह गर्नुभयो। उप सचिब आचार्यले अभियानका क्रममा मात्रै नभएर सदैव जनसाथमा रहदै सेवामा खटिने कामको शुरूवात अभियानबाट हुने उल्लेख गर्नुभयो। मुक्ती समाज कास्कीका अध्यक्ष वलराम विश्वकर्माको अध्यक्षतामा सम्पन्न बैठकमा मुक्ति समाज केन्द्रीय सचिवालय सदस्य दाम बहादुर बिश्वकर्मा, नेकपा एमाले कास्कीका उपाध्यक्ष तेजनारायण अधिकारी, मुक्ति समाजका केन्द्रीय नेताहरु प्रेमदेवी परियार, मनवुजा विश्वकर्मा, किसान विश्वकर्मा, राम माया विश्वकर्मा, प्रदेश अध्यक्ष निर्मल दियाली, होम नेपाली लगायतले अभियान र मुक्ति समाजको विषयमा भनाई राख्नु भयो । बैठकले चैत्र १८ भित्र पालिका बैठक, २५ भित्र वडा बैठक तथा भेला, युवा तथा महिला भेला गर्ने, सदस्य विस्तार गर्ने, पार्टी प्रवेश अभियान चलाउने लगायत निर्णय गरेको छ।

# बाबा साहित्य साधक सम्मान श्रेष्ठ र अधिकारीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

सङ्घर्षमा कलमले हरेक वर्ष अर्पण गर्दै आएको बाबा साहित्य साधक सम्मान २०७८ तनहूँका साहित्यिक अभियन्ता आनन्दसुन्दर श्रेष्ठ र २०७९ कास्कीकी कवि लिली अधिकारीलाई अर्पण गर्ने भएको छ।

कवि तथा गीतकार दुर्गाबहादुर शाह बाबालाई प्राप्त पुरस्कार र २०६७ सालमा पोखराको उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न टिकटका एकल कवितावाचन कार्यक्रमबाट बचत रकमबाट स्थापना भएको बाबा साहित्य साधक सम्मान अक्षयकोषको ब्याजबाट उक्त सम्मान अर्पण गरिँदै आइएको हो।

कवि, साहित्यकार, गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य सह-प्राध्यापक कृष्णप्रसाद पौडेलको संयोजकत्वमा, लोककिन्नरी हरिदेवी कोइराला र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रष्टी कार्यसमिति सदस्य ऋषि बराल सदस्य रहेको प्रतिभा छनौट समितिको सिफारिसलाई कृष्ण सारथिको अध्यक्षतामा सम्पन्न बैठकले सर्वसम्मत स्वीकृत गरेको हो।

गण्डकी प्रदेशभित्रका स्रष्टालाई अर्पण गरिदै आएको बाबा साहित्य साधक सम्मानबाट लमजुङका रुपिन्द्र प्रभावी, गोरखाकी सरस्वती श्रेष्ठ सरु, बाग्लुङका सुमन श्रापित, पर्वतका शान्तिनारायण श्रेष्ठ, कास्कीका धनबहादुर गायक र कृष्णप्रसाद पौडेल यस अगाडि सम्मानित भइसक्नु भएको छ। सम्मानको राशि नगद १० हजार पाँच सय ५५, सम्मानपत्र र दोसल्ला रहेको छ। कोरोना महामारीका कारण सम्मान अर्पण गर्ने वातावरण अनुकूल नहुँदा सङ्घर्षमा कलमद्वारा सञ्चालित बाबा साहित्य साधक सम्मान र ऋषिराम रानाभाट स्मृति सम्मान कोषको ब्याज रकमबाट राष्ट्रिय अनलाइन कविता प्रतियोगिता सञ्चालन गरी यस शृङ्खलालाई निरन्तरता दिइएको संस्थाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

राष्ट्रिय अनलाइन कविता प्रतियोगितामा सुनसरीका किरण चौलागाई शून्यानन्द प्रथम भई ११ हजार एक सय ११।-, तेह्रथुमका बद्री श्रेष्ठ याक्चा द्वितीय भई पाँच हजार पाँच सय ५५।-, पर्वतका श्रीकृष्ण शर्मा र कास्कीकी दिक्षा अधिकारी तृतीय भई जनही तीन हजार तीन सय ३३।- राशिसहितको पुरस्कार प्राप्त गर्न सफल हुनुभएको जनाइएको छ। प्रतियोगितामा प्रथम, द्वितीय हुने कविको पुरस्कार बैंक खातामा दाखिला भइसकेकामा तृतीय शर्मा र अधिकारीलाई सोही समारोहबीच पुरस्कार अर्पण गरिने विज्ञप्तिमा उल्लेख छ। शुक्ला साहित्य सङ्गम तनहुँका पूर्व अध्यक्ष रहेका श्रेष्ठको 'उद्वेलित मनहरू' गजलसङ्ग्रह कृति प्रकाशित छ। श्रेष्ठसँग शुक्ला साहित्य समिति तनहूँको वार्षिक प्रकाशन शुक्लाप्रवाह कथासङ्ग्रह, कवितासङ्ग्रह, गजलसङ्ग्रह, लघुकथासङ्ग्रह मुक्तकसङ्ग्रहलगायतका विशेषाङ्क, जनसंस्कृति सामयिक सङ्गालो, जनकवि गोकुल जोशी विशेषाङ्क प्रगतिपथ सम्पादनको अनुभवसमेत छ। सप्तरंगी साहित्यिक प्रतिष्ठान पोखराबाट सम्मानित श्रेष्ठ प्रगतिशील लेखक सङ्घ, गण्डकी साहित्य सङ्गम, गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँ, सेतीकाली साहित्य सङ्गमलगायतका संघसंस्थामा आवद्ध वाङ्मयिक साधक हुन्। पोखरा-२४, कास्कीकोटका जन्मेकी लिली अधिकारीको 'पहराको फूल' कवितासङ्ग्रह निकै चर्चित छ। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकी समितिमा आबद्ध अधिकारी यस अघि संगम साहित्य सम्मान, सगरमाथा साधना सम्मानबाट सम्मानित भइसकेकी छन्। सङ्घर्षमा कलमले पुतलीबजार-७ स्याङ्जामा जन्मेका ऋषिराम रानाभाटको स्मृतिमा स्थापित ऋषिराम स्मृति सम्मान र बाबाद्वारा स्थापित बाबा साहित्य साधक सम्मान हरेक वर्ष एकैसाथ अर्पण गर्दै आएको छ। यो वर्ष पनि दुवै सम्मान २०७९ चैत्र १८ गतेका दिन पोखरामा एक समारोह बीच अर्पण गरिने जनाइएको छ। साथै संस्थाले जारी विज्ञप्तिमा नेपाली वाङ्मयको श्रीवृद्धिमा विविध वाङ्मयिक अनुष्ठान गदै आजसम्म आउँदा सहयोग गर्ने सम्पूर्ण स्रष्टा, साधक, शुभेच्छुक, शुभचिन्तक, सञ्चारकर्मीप्रति आभारसमेत प्रकट गरेको छ।

# जिसस कास्कीद्वारा निर्माणाधीन काहुँखोला सिक्लेस दुधपोखरी सडकको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत



जिल्ला समन्वय समिती कास्कीले प्रमुख लिलाधर पौडेलको नेतृत्वमा बिहीवार गण्डकी प्रदेश सरकारको एक निर्बाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत काहुखोला-सिक्लेस - दूध पोखरी सडकको १० कि मि निर्माणाधिन पहिलो सडक खण्डको अनुगमनको गरेको छ।

अनुगमनका क्रममा प्रमुख पौडेलले कास्कीका कुनै पनि बिकास निर्माणका योजनामा गुणस्तर लगायतका बिषयमा जन गुनासो नआउने गरि काम समयमै सम्पन्न गर्ने सरोकारवाला निकाय लाई आग्रह गर्नुभयो। केन्द्र सरकार, प्रदेश सरकार र स्थानिय सरकारबिच समन्वय र सहकार्य अति आबश्यक भएको भन्दै पौडेलले निर्माण कम्पनीले कुनै लापरबाही गरेको भेटिएमा तुरुन्तै खबर गर्न स्थानीय उपभोक्तालाई आग्रह गरे। बिकासका आयोजनामा जुनसुकै बेला पनि अनुगमन हुन सक्ने र कमि कमजोरी भेटिएमा तत्काल कारबाही हुने तर्फ निर्माण कम्पनी लगायत सरोकारवालाहरूलाइ ध्यानाकर्षण गराएका थिए। अनुगमनमा जि स स कास्कीका उप प्रमुख सरिता माल,सदस्य राजु अधिकारी, स्थानिय जनप्रतिनिधि, प्रदेस तथा स्थानिय तह सहित प्राबिधिक र संचारकर्मीहरूको सहभागिता रहेको कास्कीका निमित्त जिल्ला समन्वय अधिकारी एबम सूचना अधिकारी झबिश्वर रेग्मीले जानकारी दिए।

# खुदी खोलामा दुई झोलुङ्गे पुल निर्माण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पोखरा महानगरपालिका-३२ स्थित खुदी खोलमा दुई झोलुङ्गे पुल निर्माण गरिने भएको छ। पुरानो गाउँको चौताराको पूर्वी किनारादेखि राजाको चैताराको युनिभर्स चोक तथा सोही वडाकै बाह्रसय चौतारादेखि पूर्वी किनाराबाट मालमुलघार सिम्म जोड्ने दुई झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो।

लामो समयसम्म खुदी खोलामाथि पुल नहुँदा १० मिनेटको बाटोका लागि एक घण्टाभन्दा बढी समय खर्चिनुपर्ने अवस्था छ। पुल निर्माणको प्रक्रियाले यस क्षेत्रको समृद्धि र विकासको आशा जगाएको हो। पुल नहुँदा गगनगौडा क्षेत्रबाट आफ्नै वडा नं ३२ को कार्यालयसम्म पुग्न सर्वसाधारणलाई समस्या भइरहेकामा अब पुल बनेपछि सहज हुने नवीन टोल विकास संस्थाका संस्थापक अध्यक्ष मुकुन्द घिमिरेले बताउनुभयो। तल्लो गगनगौँडा क्षेत्रका बासिन्दा पुल नहुँदा वडा कार्यालयसम्म पुग्न करिब एक घण्टा हिँड्नुपर्ने बाध्यता थियो। पुल निर्माणपछि १० मिनेटमै पुग्न सकिने छ। कृषिजन्य उत्पादनका लागि तल्लो गगनगौडा, राजाचौतारा, मालमुल, देउरालीलगायत स्थान अब्बल मानिछन्। बाह्रसय चौतारातर्फ पुल निर्माणस्थल रहेको क्षेत्र स्यालतहरामा गण्डकी प्रदेश सरकारले स्थापना गर्न लागेको गण्डकी विश्वविद्यालयले पनि आफ्ना शैक्षिक कार्यक्रम सुरु गर्न लागेका अवस्थामा गगनगौँडा क्षेत्रबाट अध्ययनका लागि जाने विद्यार्थीका लागि पुल अपरिहार्य भएको घिमिरेको भनाइ छ।

पुल बनेपछि यस क्षेत्रमा उत्पादित वस्तु बिक्री वितरणका लागि सहज हुनेछ। तल्लो गगनगौँडा हुँदै पोखरा-काठमाडौँ जोड्ने पृथ्वी राजमार्ग गएको हुँदा पनि यस क्षेत्रका कृषिजन्य उत्पादनको सहज बजारीकरणका लागि पुल आवश्यक भएको समाजसेवी खेमराज अधिकारीको भनाइ छ।

यस क्षेत्रमा तनहुँको साविक थप्रेक गाविसलगायत विभिन्न स्थानबाट बसाई सरेर आउनेको सङ्ख्या अत्यधिक छ। पुरानो गाउँको चौतरादेखि युनिभर्स चोक जोड्ने पुलले पृथ्वी राजमार्गसँग रुपा तथा लमजुङवासीलाई सजिलो हुनेछ। तल्लो गगनगौँडाको लामे आहाल क्षेत्रमा निर्माण गर्ने भनिएको प्रदेश क्षेत्रीय बसपार्कका साथै भरतपोखरीको पुडिटारमा निर्माण गर्ने भनिएको प्रदेश औद्योगिक क्षेत्रसँग राजाचौतारा, मालमूल, बडहरे, सातमुहाने, डाँडा गाउँ, ढोडबैंसी, देउरालीलगायत स्थानको सीधा र सहज सम्पर्कका लागि पनि पुल आवश्यक भएको स्थानीयले बताएका छन्।

# लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ के को प्रथम सम्मेलन पोखरामा

**रन्जिता आचार्य /समिक्षा गौतम**
पोखरा, २ चैत

लायन्स क्लब इन्टरन्यासनल २२५ के को प्रथम वार्षिक सम्मेलन चैत ४ गते शनिबार पोखरामा हुने भएको छ।

पोखरा सभागृहमा हुने सो सम्मेलनमा देशभरका करिब १५ सय लायनहरुको सहभागिता रहने क्लबका गनर्भन राजेन्द्रकुमार बाटाजूले बताए। उनका अनुसार वार्षिक सम्मेलनको गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले समुद्घाटन गर्नेछन्।

लायन्स क्लबका सदस्यहरुको लागि वार्षिक सम्मेलन महान पर्व भएको बताउँदै उनले सम्मेलनको सम्पूर्ण तयारी करिब पूरा भएको बताए। 'सम्मेलनको सबै तयारी सकिएको, सहभागी सदस्य र अतिथिज्यूहरु पोखरा आउने क्रम सुरु भएको छ', उनले भने, 'सम्मेलनले पोखराको पर्यटन प्रवर्द्धनमा पनि योगदान गर्नेछ।' सम्मेलनको समुद्घाटन अघि चिप्लेढुंगाको मानवअधिकार चोकबाट पोखरा सभागृहसम्म भव्य परेड आयोजना गरिने पनि उनले जानकारी दिए। क्लबका कन्भेनर टीकाराम सापकोटाले पनि सम्मेलन भव्य बनाउन कुनै कसर बाँकी नराखिएको बताए। 'प्रथम सम्मेलन सम्पन्न गर्न हामीले २१ वटा विभिन्न विषयगत समिति बनाएका छौँ,सबै समितिहरुले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभएको छ',उनले भने,' हाम्रो डिष्ट्रिक्ट ३२५ के मा आवद्ध १५७ वटा क्लबका सदस्यज्यूहरु सबै उत्साहित हुनुहुन्छ। पोखरामा हुने यो भव्य सम्मेलनले तत्काल कोभिड १९ को संक्रमणबाट तंग्रिँदै गरेको पोखराको पर्यटनलाई प्रत्यक्ष लाभ पुऱ्याउने छ भने कालान्तरमा पोखरा र गण्डकी क्षेत्रको आन्तरिक र वाह्य प्रवर्द्धनमा विशेष योगदान दिनेछ भन्ने हामीले ठानेका छौँ।'

प्रथम सम्मेलनको रजिष्ट्रेसन समितिका संयोजक बसन्त गिरीका अनुसार सम्मेलनमा सहभागिताको लागि नाम दर्ता हुने क्रम जारी छ। क्लबकाको-कन्भेनर श्यामकृष्ण श्रेष्ठका अनुसार प्रथम सम्मेलनको पूर्वसन्ध्यामा हुने परेडमा लाखे नाच, पञ्चेबाजा पनि समावेश गरिएको छ। 'नेपाली मौलिक परम्पराको प्रवर्द्धन गर्न हामीले परेडमा लाखे र पञ्चेबाजा समावेश गरेका हौँ',उनले भने।

क न भ े न र टीकाराम सापकोटाका अनुसार प्रथम सम्मेलनमा लायन वर्ष २०२३/०२४ का लागि नयाँ नेतृत्व चयनसमेत गर्नेछ। लायन वर्ष २०२३/०२४ का लागि डिष्ट्रिक्ट गभर्नरमा लायन सुचित्रा थापा, प्रथम भाइस डिष्ट्रिक्ट गभर्नरमा लायन निरा बज्राचार्य र द्वितीय डिष्ट्रिक्ट भाइस गभर्नरमा लायन दुर्गाप्रसाद हुमागाईंको आधिकारिक उम्मेदवारी दर्ता भएको पनि उनले जानकारी दिए। 'उम्मेदवारी दर्ता भनेको प्रक्रिया हो, उहाँहरुका अरु प्रतिस्पर्धी हुनुहुन्न',उनले भने, लायनहरु विधिमा विश्वास गर्छन्, निर्वाचन भनको विधि हो र उहाँहरु त्यसको लागि मैदानमा आउनुभएको हो',उनले भने,' उहाँहरुले निर्वाचनमार्फत् सतप्रतिशत मत प्राप्त गर्नुहुनेछ।'

# कानुनी...

राजनीतिक हस्तक्षेप, पार्टी तथा नेतृत्वको भूमिका र समीक्षाका विषयमा जिज्ञासा राखेका थिए। जवाफमा अध्यक्ष ओलीले आफू नेतृत्वको तत्कालीन सरकारले अर्थतन्त्र सुधारमा उल्लेख भूमिका खेलेको जवाफ दिनुभयो। अध्यक्ष ओलीले नयाँ पुस्ता सकारात्मक र ऊर्जाशील हुनुपर्ने बताउँदै विश्वविद्यालयमा गैरशैक्षिक क्रियाकलाप नगर्न समेत सुझाव दिनुभयो। कानून निर्माण, कार्यान्वयन र न्यायका लागि पहल गर्दा सबै पक्षमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो।

# नेपाल...

प्रस्तुत गरेको थियो। युएईका लागि आशिफ खानले ४२ रनमा १०१ रनको योगदान दिए भने वृत्य अरविन्दले ९४ र कप्तान मोहम्मद वासिमले ६७ रनको योगदान गरे।

नेपालको जितमा चार जनाले अर्धशतक बनाए। भीम कार्कीले ६७, आरिफ शेखले ५२ रन बनाए भने कुशल भुर्तेल र गुल्सन झाले समान ५० रनको योगदान गरे। युएईले दिएको तीन सय ११ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रेको नेपालले खराब प्रकाशको कारण खेल रोकिँदा डकवर्थ लेविस पद्धतिका आधारमा जित हासिल गरेको हो। खेल रोकिनुअघि नेपालले ४४ ओभरमा छ विकेट गुमाएर दुई सय ६९ रन बनाएको थियो। नेपालका लागि कुशल भुर्तेल, आरिफ शेख, भीम सार्की र गुलशन झाले अर्धशतकीय इनिङ खेले। कुशलले ५० रन बनाए भने आरिफले ५२ रन तथा भीमले ६७ रनको योगदान दिए। गुलशन ५० रनमा अविजित रहे।

त्यसैगरी कप्तान रोहित पौडेल १६ रनमा आउट हुँदा कुशल मल्लले पाँच रन जोडे। दीपेन्द्रसिंह ऐरी १० रनमा अविजित रहे। युएईका जुनेद सिद्दिकीले तीन विकेट लिए। त्यस्तै आयान अफजल खानले दुई तथा जाहोर खानले एक विकेट झारे। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा छ विकेट गुमाएर तीन सय १० रन बनाएको थियो। युएईका लागि आसिफ खानले शतकीय इनिङ खेले। विस्फोटक ब्याटिङ गरेका उनले ४२ बलमा ११ छक्का र चार चौकासहित अविजित एक सय एक रन बनाए।

यस्तै वृत्य अरविन्दले ९४ रनको अर्धशतकीय इनिङ खेल्दा कप्तान मुहमद वासिमले ६३ रन बनाए। त्यसैगरी रोहन मुस्तफा २०, सिपी रिजवान सात, आर्यन लाक्रा छ र आयन अफजल खान तीन रनमा आउट भए। नेपालका दीपेन्द्रसिंह ऐरीले दुई विकेट लिए। ललित राजवंशी, सन्दीप लामिछाने र सोमपाल कामीले समान एक-एक लिए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि। |
| फिस्टुला | :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

- कालीदास

## सम्पादकीय

# पोखरालाई पछाडि पार्ने कुचेष्टा

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएको दुई महिनापछि पोखरा भद्रपुर सिधा उडान शुरु भएको घोषणा गरियो । पोखरा महानगर पालिकाका मेयर धनराज आचार्यको नेतृत्वमा पर्यटन व्यावसायी सहितको टोली भद्रपुर पुगेर पर्यटन प्रबर्द्धन गर्ने कुराकानी भयो । दार्जिलिङ, सिक्किमका पर्यटक पोखरा सहजरूपमा पोखरा भ्रमण गर्ने वातावरण बनेको चर्चा भयो । बिहान भद्रपुर पुगेर राति पोखरा फर्किने अवस्था बनेकामा बुद्ध एयरलाइन्सको तारिफ भयो । पोखरा भद्रपुर रात्री उडान भएको र देशका सबै प्रमुख शहरमा सिधा हवाई सेवाले पोखराको पर्यटनमा टेवा पुग्ने अपेक्षा सबैको थियो । पोखरामा रात्री उडानका कारण अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता महसुस गराएको छ । पोखराको लागि सकारात्मक समाचार दस दिनपनि कायम रहेनापोखरा भद्रपुर सिधा उडान स्थगित भएको समाचारले निराश बनाएको छ । पोखरामा सकभर देशका प्रमुख शहरमा सिधा हवाई सेवा नहोस् भन्ने प्रबृत्ति हावी भएको छ । पोखरालाई पछाडि पार्न खोजेपनि पोखरा पर्यटकको रोजाइको शहर हो ।

काठमाडौं-पोखरा रुटमा परिक्षणका लागि भएपनि रात्रिकालीन उडान भएको छ । पोखरामा रात्रिकालीन उडानको सुविधा थिएन । जनवरी १ बाट सञ्चालनमा आएको यो विमानस्थलमा हाल बुद्ध, यती, श्री, सौर्य, श्री, गुण लगायतका वायुसेवाले आन्तरिक उडान गर्दै आएका छन् । आन्तरिक उडान तर्फ बिहानदेखि सुरु भएपनि दिउँसो ४ बजे विमानस्थल बन्द गर्नुपर्ने अवस्था थियो ।देशका अन्य विमानस्थलमा रात्रिकालीन उडान हुँदा पोखरा पछाडि परेको थियो । बुद्ध एयरले पोखरा–काठमाडौं रात्रिकालीन उडान गरेको छ। 'विमानस्थलले म्याचुरिटी पिरियड पार गरेसँगै बुद्धले मार्च ९ गतेबाट रात्रिकालीन उडान गरेको छ।'काठमाडौंबाट पोखरा गएर ४ वटा बुद्धको विमान बास बस्छन् ।' बुद्धले बेलुका ८ बजेसम्म उडान गर्नेछ। 'अहिले दिउँसो ४ बजेसम्म उडान गरेको छ । अब काठमाडौं–पोखरा बेलुका ८ बजेसम्म हुँदा विमानस्थल पनि चलायमान हुने र यात्रुलाई पनि सजिलो हुनेछ ।

रात्रिकालीन उडान सुरु भएपछि डिले भएका उडान सहज हुने अपेक्षा गरिएको छ। 'रात्रिकालीन उडान सुरु भए डिले भएका उडान पनि नियमित हुन्छ,।, 'नयाँ विमानस्थलको सुविधा पनि उपयोग रात्रिकालीन उडानसँगै हुन्छ । बल्ल पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको महत्त्व बढ्छ । नागरिक उड्डयन प्राधिकरणले फेब्रुअरी २३ बाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने घोषणा गरेको थियो । सोही दिनबाट रात्रिकालीन उडान हुने प्राधिकरणले जनाए पनि अहिलेसम्म तालिका सार्वजनिक हुन सकेको थिएन। केही समय ढिला गरी रात्रिकालीन उडानको तालिका बुद्ध एयरलाइन्सले सार्वजनिक गरेको छ ।

रात्रिकालीन र अन्तर्राष्ट्रिय उडान दुवैको तयारी भइसकेको विमानस्थलको दावी छ। 'फेब्रुअरी म्याचुरिटी पिरियडका लागि मात्र कुरेको यो पनि पूरा भइसकेका कारण अब अलमलको अवस्था देखिनु हुँदैन । फ्लाइट प्रमाणित नेपाल नागरिक उड्डयन प्राधिकरणले चेक जाँच गरेर रात्रिकालीन उडान गर्न अनुमति दिएको छ । प्राधिकरणले बुद्धलाई अनुमति दिइसकेको छ । अन्तर्राष्ट्रिय विमानस्थल नजिकै माघ १ गते यति एयरलाइन्सको विमान दुर्घटनापछि उडान हुने/नहुने अन्योलताका बीच बुद्धको तालिका सार्वजनिक भएसँगै पोखराका पर्यटन व्यवसायीहरु खुसी देखिएका छन् । रात्रिकालीन उडान भएसँगै पर्यटनको आगमन पनि बढ्ने अविलाषा व्यवसायीको छ। सबै विमानस्थल राम्रो बनेको तर, प्रमोशन नभएको हो । विमानस्थलबाट छिट्टै अन्तर ष्ट्रिय उडान पनि हुने आशा पोखेलीको छ। भारतबाट उडानको अनुमति आए बुद्धले तीन उडान गर्ने जनाएको छ । पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानतर्फ बुद्ध एयरले भारतका तीन गन्तव्य पोखरा-बनारस-पोखरा, पोखरा-दिल्ली-पोखरा र पोखरा-देहरादुन-पोखरामा उडान गर्ने योजना बनाएको छ । यो योजना कार्यान्वयनमा ल्याउन सरकारले भारतसँग पहल गर्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बढ्यो दूधको मूल्य

रासस

काठमाडौं, २ चैत

सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थान (डिडिसी) लैनचौरले दूधको मूल्य बढाएको छ । संस्थानले आजदेखि लागू हुने गरी नयाँ मूल्य 'प्रिन्ट' भएको 'प्याकेट' दूध बजारमा पठाएको हो ।

संस्थानका निमित्त उपमहाप्रबन्धक एवं सूचना अधिकारी राजेन्द्रप्रसाद अधिकारीले आजदेखि लागू हुने गरी देशभर दूधको मूल्य बढाएको राससलाई जानकारी दिनुभयो । यही फागुन १९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार कृषकबाट उत्पादित चार युनिट घृतांश र आठ युनिट घृतांशरहित दुग्ध ठोस पदार्थ भएको कच्चा दूधको प्रतिलिटरको कृषक खरिद मूल्य प्रतिलिटर खरिद मूल्य न्यूनतम रु ६५ कायम गरिएको उहाँले बताउनुभयो ।

मन्त्रिपरिषद्को निर्णयअनुसार किसानलाई बढेको मूल्य दिइसकेको र उपभोक्ताले नयाँ मूल्य तिर्नुपर्ने डिडिसीले जनाएको छ । निलो प्याकेटको मूल्य प्रतिलिटर ११ रुपैयाँ बढेको छ । यसअघि प्रतिलिटर ८६ रुपैयाँ रहेको निलो प्याकेटको मूल्य आजदेखि काठमाडौं, विराटनगर, जनकपुर र हेटौँडामा ९७ रुपैयाँ पर्नेछ । त्यस्तै बुटवलमा ९४ तथा नेपालगञ्ज र धनगढीमा ९२ रुपैयाँ कायम भएको संस्थानले जनाएको छ ।

# बेनी-जोमसोम सडकमा दैनिक छ घण्टा बन्द

पोखरापत्र संवाददाता

म्याग्दी, २ चैत

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडक शुक्रबारदेखि दैनिक घण्टा बन्द हुने भएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ रुप्से झरना क्षेत्रमा पहिरो रोकथाम, बेलिब्रिज निर्माण र सडक विस्तारका लागि दैनिक छ घण्टा यातायात आवतजावत बन्द हुने जिल्ला प्रशासन कार्यालय म्याग्दीले जनाएको छ ।

म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी धीरेन्द्रराज पन्तले २०७९ चैत ३ देखि १४ गतेसम्म रुप्से खण्डमा बिहान ६ देखि ९ र दिउँसो १ देखि ३ बजेसम्म यातायात आवतजावत बन्द गरेर निर्माणको काम गरिने जानकारी दिनुभयो । "चैते दशैंको समयमा कागबेनीमा स्नान गर्न जाने आउने तीर्थयात्रीलाई लक्षित गरेर चैतको ६, ७ र ८ गते यातायात सञ्चालन हुनेछ," उहाँले भन्नुभयो "पहिरोले क्षति गरेको साँघुरो सडकमा यातायात सञ्चालन, सडक, पुल निर्माण र पहिरो व्यवस्थापनको कामसँगै गर्दा जोखिम भएकाले यातायात रोकेर काम गर्ने समय तालिका बनाइएको हो ।" निर्माण व्यवसायीले बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत जिल्ला प्रशासन कार्यालय म्याग्दीमा समय व्यवस्थापनका लागि पत्राचार गरेका थिए । म्याग्दीबाट मुस्ताङ जाने र मुस्ताङबाट म्याग्दीतर्फ आउने सवारी साधनले सडक बन्द हुने समय अगावै रुप्से खण्ड पार गर्नुपर्नेछ । एम्बुलेन्स र अत्यावश्यक सवारी साधनको हकमा भने सडकमा सहज आवतजावतको व्यवस्था मिलाउने प्रशासनले जनाएको छ । यसैबीच बेनी-जोमसोम-कोरला सडकको बेनी-गलेश्वर खण्डमा फागुन १ गतेदेखि लागू गरिएको समय तालिका बुधबारदेखि हटाइएको छ । बेनी-गलेश्वर सडक विस्तारका लागि फागुन १ देखि ३० गतेसम्म सवारी आवतजावत बन्द गर्ने समय तालिका बनाइएको थियो ।

राष्ट्रिय गौरवको कालीगण्डकी कोरीडोर बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङको कोरला नाका जोड्ने सडक स्तरोन्नति, विस्तार र कालोपत्र गर्ने काम विभिन्न खण्डमा भइरहेको छ ।

# गोठ र खोर सुधारमा अनुदान

पोखरापत्र संवाददाता

कास्की, २ चैत

माछापुच्छ्रे गाउँपालिका कृषकलाई गाईभैँसीको गोठसहित बाखाको खोर सुधार कार्यक्रमका लागि अनुदान वितरण गर्ने भएको छ । गाउँपालिकाले पशु सेवा शाखाको समन्वयमा गोठ र खोर सुधार कार्यक्रमअन्तर्गत ८२ कृषक तथा फार्मलाई अनुदान दिने भएको हो ।

पालिकाबाट दैनिक १० हजार लिटर दूध बिक्रीका लागि पोखरा बजारमा ल्याउने गरिन्छ । यहाँको व्यावसायिक पशुपालन फस्टाएको छ । गाउँपालिकाका नौ वडाका कृषकले पशुपालनबाट राम्रो आम्दानी गरिरहेका छन् । पशुपालनलाई व्यावसायिक बनाएर कृषकलाई समृद्ध बनाउन पालिकाले सहयोग गर्दै आएकोछ । कृषकको अवस्थाका बारेमा अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा लाभग्राही कृषक छनोट गरिएको प्रमुख प्रशासकीय अधिकृत बेदहरि अधिकारीले बताउनुभयो । उहाँका अनुसार छनोट भएका कृषकसँग एक हप्ताभित्र सम्झौता गरिने छ ।

व्यावसायिक कृषकलाई उत्पादनमुखी बनाउने, निर्वाहमुखी पशुपालनलाई व्यावसायिक बनाउने र व्यावसायिक कृषकलाई व्यवसायको भार कम गर्ने उद्देश्यले अनुदान उपलब्ध गराउन लागिएको जनाइएको छ । कृषकलाई ५० प्रतिशत लागत साझेदारीमा पालिकाले रू सात हजारदेखि रू २० हजारसम्म नगद उपलब्ध गराइनेछ । छनोट भएकामध्येमा ३६ लाई प्रतिकृषक रू २० हजार र बाँकीलाई रू सात हजार उपलब्ध गराइने गाउँपालिकाका पशु सेवा शाखा प्रमुख रामचन्द्र पौडेलले जानकारी दिनुभयो । फार्म दर्ता भएका र धेरै सङ्ख्यामा पशुपालन गर्नेका लागि रू २० हजार र थोरै सङ्ख्यामा पशुपालन गरेर जीविकोपार्जन गरिरहेका साना कृषकका लागि रू सात हजारका दरले उपलब्ध गराइने छ । त्यस्तै पालिकाले उत्पादनका आधारमा 'प्रोत्साहन कार्यक्रम'अन्तर्गत दूधमा प्रतिलिटर रू एक अनुदान दिने भएको छ । चालु आवमा दूधमा अनुदानका लागि रू २० लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । यसैगरी गाउँपालिकाले छ हजार नौ सय केजी बर्खे घाँसको बीउ कृषकलाई वितरण गरेको छ ।

# पोखराको हिमालय आँखा अस्पताल अब्बल

पोखरापत्र संवाददाता

पोखरा, २ चैत

पोखराको हिमालय आँखा अस्पताल २९ वर्षअघि स्थापना भयो । विसं २०२९ फागुन १७ गते स्थापना भएदेखि नै यो अस्पताल आँखा नदेख्नेका लागि वरदान साबित हुँदै आएको छ ।

अस्पतालले यो अवधिसम्म ३१ हजार बढीको आँखाको सफल शल्यक्रिया गरिसकेको छ । सोही कारण पनि आँखा उपचारमा अब्बल साबित भएको छ । नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित अस्पताल गत फागुन १७ गतेदेखि ३० औँ वर्षमा प्रवेश गरेको छ । अहिलेसम्म अस्पतालबाट अहिलेसम्म ३१ हजार सात सय ४२ जनाको शल्यक्रिया गरिएको अस्पतालका मेडिकल डाइरेक्टर डा इलिया श्रेष्ठले जानकारी दिनुभयो ।

सोही अवधिमा २१ लाख ६१ हजार पाँच सय ५७ जनाको आँखा परीक्षण गरेको डाइरेक्टर डा श्रेष्ठले बताउनुभयो । "यो अवधिमा विद्यालय आँखा जाँच कार्यक्रममा तीन लाख ९८ हजार सात सय २७ को आँखा जाँच गरिएको छ", उहाँले भन्नुभयो, "११ हजार तीन सय २७ लाई निःशुल्क चश्मा वितरण पनि गरियो ।" विभिन्न स्थानमा गरिएको आँखा जाँच शिविरबाट आठ लाख ३७ हजार एक सय ५० लाभान्वित भएको उहाँले जानकारी दिनुभयो । अस्पतालले उत्कृष्ट सेवा दिन थालेपछि यस क्षेत्रका बिरामीको आँखाको उपचार पोखरामा मै सम्भव भएको नेपाल नेत्रज्योति सङ्घ कास्कीका अध्यक्ष कृष्णबहादुर गुरुङले बताउनुभयो । जसले गर्दा समय र पैसाको बचत भएको अध्यक्ष गुरुङले बताउनुभयो । आँखामा देखिने ९५ प्रतिशत समस्याको समाधान पोखराकै हिमालय आँखा अस्पतालमा हुन्छ । "अरु रोग लागे अन्यत्र जानुपरे पनि आँखाको उपचारमा पोखराले अन्यत्रकालाई निम्तो दिइरहेको छ", अध्यक्ष गुरुङ भन्नुहुन्छ ।

पछिल्ला समय अस्पतालमा नयाँ सुविधा बढेकाले पनि बिरामी सङ्ख्या बढेको छ । पुरानो सेवाबाहेक आँखाको रेटिनाको शल्यक्रिया, कन्ट्याक्ट लेन्स सुविधा, भिजन थेरापी नयाँ प्रविधि ल्याएपछि अस्पतालमा झनै बिरामीको सङ्ख्या बढेको डा श्रेष्ठले बताउनुभयो । अस्पतालको आफ्नै प्रयास र दातृ संस्थाको सहयोगले आँखा उपचारमा हिमालय आँखा अस्पताल अब्बल रहेको डा श्रेष्ठको दावी छ ।आगामी दिनमा नयाँ भवन बनाउने योजना रहेको डा श्रेष्ठले सुनाउनुभयो । "३० वर्ष अघि एक सय ५० जनालाई लक्षित गरी बनाइएको हो । अहिले त दैनिक छ सयभन्दा बढी बिरामी आउँछन्", डा श्रेष्ठले भन्नुभयो, "हावाहुरी र पानी पर्दा बिरामीलाई साह्रै समस्या हुन्छ । त्यसैले नयाँ भवन बनाउने कि भनेर सोचिरहेका छौं ।" पोखरा पर्यटकीय क्षेत्र भएकाले आगामी दिनमा मेडिकल टुरिजमको अवधारणालाई अघि बढाउने योजना रहेको डा श्रेष्ठले बताउनुभयो । क्यान्सरको जटिल शल्यक्रिया, नाक, कान, घाँटी र नसासँग सम्बन्धित शल्यक्रिया र चश्मा लगाउन नपर्ने री हुने लेजर सर्जरीबाहेक अन्य सेवा अस्पतालबाट दिइरहेको उहाँको भनाइ थियो । हालसम्म कर्णाली र गण्डकीमा गरी २७ ठाउँमा आँखा उपचार केन्द्र छन् । तत्कालीन गण्डकी, धौलागिरि र कर्णाली अञ्चलमा यी सेवा केन्द्र रहेको अस्पतालका व्यवस्थापक कुमार गर्बुजाले जानकारी दिनुभयो । अस्पतालमा बेल्जियम, नेदरल्याण्ड, बेलायत, अस्ट्रेलियालगायत देशबाट बर्सेनि २५ जनाको हाराहारीमा इन्टर्नसिप गर्न आउने गरेका छन् । उनीहरूले नेपालीमा देखिएको आँखाको समस्या र यहाँ अपनाइएको उपचार विधिबारे सिकेर फर्कन्छन् । हिमालय आँखा अस्पतालका लागि किनिएको ७० रोपनी जग्गामा हाल २६ वटा भवन छन् । गण्डकी प्रदेश सरकारले समेत अस्पताललाई आर्थिक सहयोग गरेको छ ।

आँखा उपचारमा अब्बल दरिएको हिमालय आँखा अस्पतालले पछिल्लो समयमा शैक्षिक कार्यक्रमसमेत सञ्चालन गरेको छ । सिटिइभिटीसँगको सहकार्यमा निकै सस्तो शुल्कमा आँखासम्बन्धी पढाइ हुँदै आएको र पछिल्ला दिनमा विद्यार्थीको रुचि पनि असाध्यै देखिएको व्यवस्थापक गर्बुजाले बताउनुभयो । तीन वर्षे डिप्लोमा इन अप्थाल्मिक साइन्समा ४० जनाले पढ्दै आएको उहाँले जानकारी दिनुभयो । पोखरा विश्वविद्यालयसँगको सहकार्यमा सञ्चालित चार वर्षे ब्याचलर अफ अप्टोमेट्रीमा १६ जना र दुई वर्षे मास्टर्स अफ अप्टोमेट्रीमा छ जना विद्यार्थी अध्यतरत छन् ।

# तनहुँ डढेलोको उच्च जोखिममा

पोखरापत्र संवाददाता

दमौली, २ चैत

तनहुँमा डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् । यसवर्ष वनमा आगलागीका घटना नभइसकेपनि सचेतना अपनाउन आवश्यक रहेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्ले बताउँनुभयो ।

"आगलागीको मौसम सुरु भइसकेको छ, जिल्लामा अहिलेसम्म आगलागीका घटना नभइसके पनि जोखिम रहेकाले सचेत हुनुपर्छ," उहाँले भन्नुभयो । वन डढेलो हामी सबैको साझा चुनौती भएकाले सबै मिलेर यसको सामना गर्नुपर्नेमा उहाँको भनाइ छ । वन डढेलो लागेको देखेमा निभाउने कार्य गरी जिम्मेवारी नागरिकको भूमिका खेल्न वन कार्यालयले आग्रह गरेको छ। वन डढेलोले कम्तीमा दश प्रतिशत तापक्रम बढाउने बताइएको छ । वनमा डढेलो लगाउने कार्य गम्भीर अपराध मानी फौजदारी कसुरमा राखिएको छ । कार्यालयले जिल्लाका आठ वटै सब डिभिजनलाई वन डढेलो सचेतना कार्यक्रम सञ्चालन गर्न परिपत्र गरेको छ । सप्ताहव्यापी रुपमा वन कार्यालयको कार्यक्षेत्रमा रहेका सामुदायिक वन समूहसँग समन्वय गरी चेतनामूलक कार्यक्रम र सडक किनारमा रहेका सामुदायिक वनको पात पतिङ्गर सरसफाइ गरी नियन्त्रित आगो लगायतका अन्य वन डढेलो नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ । डढेलो लाग्ने १८ जिल्लामध्ये तनहुँ पनि उच्च जोखिममा पर्दछ । डढेलोको जोखिम कम गर्न कार्यालयले सचेतनामूलक कार्यक्रमलाई पनि सँगसँगै अगाडि बढाएको छ। वन डढेलो नियन्त्रण वन कार्यालयले मात्रै गर्न नसक्ने भएकाले सरोकारवालाको पनि यसमा उत्तिकै भूमिका आवश्यक रहेको काफ्लेले बताउनुभयो ।"डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घ लगायतलाई आग्रह गरेका छौं," उहाँले भन्नुभयो, "सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ ।"

वन जङ्गलमा डढेलो लगाउनेलाई कानुनी कारबाही हुने भएकाले त्यसबारेमा सर्वसाधारणलाई सचेत गराउन जरुरी रहेका कार्यालय काफ्लेले बताउनुभयो । वन ऐन २०७३ बमोजिम डढेलो लगाउनेलाई तीन वर्षसम्म कैद र रु ६० हजारसम्म जरिवाना हुने व्यवस्था छ । जिल्लाको ८२ हजार पाँच सय ४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । जिल्लाका दश स्थानीय तहमा ६ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, ६ धार्मिक वन रहेका छन् ।

# स्ववियु निर्वाचनः रातिदेखि प्रचार-प्रसार रोक

पोखरापत्र संवाददाता

दमौली, २ चैत

त्रिभुवन विश्वविद्यालय (त्रिवि) का क्याम्पसमा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा बिहीबार रातिदेखि मौन अवधि सुरु हुने भएको छ ।

स्ववियु निर्वाचन आचारसंहिताअनुसार आज राति १२ बजेदेखि मौन अवधि सुरु हुनेछ । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले उम्मेदवारले आज राति १२ बजेदेखि स्ववियु चुनावको प्रचार-प्रसार गर्न नपाउने बताउनुभयो ।

उहाँले निर्वाचन हुनुभन्दा ४८ घण्टा अगाडि प्रचार-प्रसार बन्द गरिएको जानकारी दिनुभयो । आज रातिदेखि आचारसंहिता लाग्ने भएपछि आज सम्बन्धित क्याम्पसले उम्मेदवारको प्रचार-प्रसारका लागि एउटा कार्यक्रम गरी परिचयात्मक कार्यक्रम राखेका थिए । यही चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि पाँच दिनको लागि मात्र प्रचार-प्रसारको समय छुट्याइएको थियो । निर्वाचनका लागि यही फागुन २७ गते उम्मेदवार मनोनयनपत्र दर्ता गरिएको थियो । स्ववियु निर्वाचन आचारसंहितामा प्रचार-प्रसार गर्नका लागि रङरोगन र कुनै पनि प्रकारको पोष्टर टाँस्न नपाइने तथा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र कुनै प्रकारको पोष्टर टाँस्न नपाइने उल्लेख गरिएको छ । उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावलीको एफोर साइजको एकै रङ भएको पर्चामात्र प्रचार-प्रसार गर्न पाइने आचारसंहितामा उल्लेख गरिएको छ ।

# भुमेपुज्ने कृषिसहकारीले नाम जस्तै काम गर्दै

**प्रतिक्षा पौडेल/रन्जिता आचार्य**
पोखरा, २ चैत



भुमेपुज्ने कृषि सहकारी सस्थाले कृषिको व्यवसायिकरणका लागि बेसार खेती सुरु गरेको छ।

सस्थापक अध्यक्ष रमेश विश्वकर्मा पूर्वअध्यक्षहरु भिम बहादुर सुनार र कल्पना सुनारले संयुक्त रुपमा बेसारको बीउ लगाई कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । पोखरा महानगरपालिका वाड नम्वर १९ घार्मिगाउँलाई बेसार खेतीको हबको रुपमा विकास गर्ने उद्देश्य लिएर गरिएको बेसार खेती चार रोपनी जग्गामा दुईसय किलो वेसारको बीउ लगाई कृषिकर्मको सुरुवात गरिएको जानाकारी सस्थाका अध्यक्ष मन बहादुर सुनारले बताउनु भयो । वेसारको बीउ लगाउन सस्थाका शेयर सदस्यहरुले कोहि खनजोत गरिरहेका थिए भने कोहि पात सोरेर ल्याएका थिए कोहि बीउ रोप्दै थिए, यसरी सामुहिक भावनाले गरिएको पुण्य कर्मले पक्कै पनि कृषिमा उन्नति हुने आशा व्यक्त गर्न सकिन्छ । लामाचौर निवासी सन्जय अधिकारीले सस्थालाई निःशुल्क रुपमा आफ्नो छ रोपनी जग्गा कृषिका लागि उपलब्ध गराउनुभएकोले कृषिकर्मको सुरुवात गर्न सफल भएको जानकारी सस्थाका उपाध्यक्ष रामचन्द्र सुनारले बताउनुभयो साथै शेयर सदस्यमानुभावहरुले पनि व्यक्तिगत रुपमा पनि बेसार लगाएका छन।

# भानु स्मृति पार्कको डिपिआर तयार

पोखरापत्र
गण्डकी, २ चैत

आदिकवि भानुभक्त आचार्यको जन्मथलोमा भानु स्मृति पार्क निर्माण गरिने भएको छ । भानु नगरपालिका-४ पुरनडिहीमा भानु स्मृति पार्क निर्माण गर्न लागिएको हो।

भानुभक्तको जन्मथलोलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने उद्देश्यसहित पूर्वाधार निर्माण गर्न लागिएको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले बताउनुभयो । जन्मस्थल विकास समितिको कार्यालयभन्दा एक किलोमिटर टाढा रहेको उक्त ठाउँमा भानु स्मृति पार्क निर्माणका लागि डिपिआर तयार भएको छ।

सहरी विकास मन्त्रालयले सङ्घीय आयोजना कार्यान्वयन इकाई कास्कीमार्फत पार्कको डिपिआर तयार गरेको रानाभाटले बताउनुभयो। "भानु जन्मस्थललाई साहित्यिक पर्यटनको थलो बनाउने उद्देश्यसहित विभिन्न पूर्वाधार निर्माण गर्दै जाने उद्देश्य राखिएको छ, सोही उद्देश्यलाई पूरा गराउनका निमित्त भानुस्मृति पार्कको निर्माण गर्न लागिएको हो," रानाभाटले भन्नुभयो । पार्क निर्माणका लागि करिब रू तीन करोड बजेट आवश्यक पर्ने देखिएको छ। मन्त्रालयबाट चालु आर्थिक वर्षमा रू एक करोड ५० लाखका लागि बोलपत्र आह्वान भइसकेको छ।

"चालु आर्थिक वर्षमै निर्माण सुरु गर्ने लक्ष्य छ भने तीन वर्षभित्र पार्क निर्माण हुनेछ", उहाँले भन्नुभयो। पार्कमा भानुभक्त आचार्य, मोतीराम भट्ट र भानुभक्तलाई चिनाउने घाँसीको मूर्ति निर्माण गरिनेछ। त्यस्तै हल, मन्दिर, पानीको फोहरा, सानो चिडियाखाना र बालबाटिका पनि पार्कभित्र निर्माण हुनेछन् । जन्मस्थल विकास समितिकै मातहत रहेको १४ रोपनी क्षेत्रफलमा पार्क निर्माण हुनेछ । गत वर्ष नै निर्माण सुरु भइसक्नुपर्ने मन्त्रालयबाट बजेट विनियोजन नहुँदा काम ढिलाइ भएको रानाभाटले बताउनुभयो । जन्मस्थल विकास समितिकै सक्रियतामा चुँदीरम्घालाई सप्तधामका रुपमा विकसित गर्नका लागि गुरुयोजना बनाउने तयारी थालिएको छ । "पर्यटकलाई आकर्षित गराउन चुँदीरम्घामा केही संरचना र विकासका काम गर्नुपर्नेछ र त्यसका लागि समितिसँग बजेट छैन," रानाभाटले भन्नुभयो, "चुँदीरम्घाको विकासका लागि सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरेका छौँ ।" समितिले आदिकवि भानुभक्त आचार्यको पुरानो शैलीमा घर निर्माण गर्ने लक्ष्य राखेको छ । त्यसका लागि रू एक करोड बजेट आवश्यकपर्ने अनुमान गरिएको छ । शिखर कटेरीमा भानुभक्तको घर खण्डहरमा अवस्थामा छ। माटो र ढुङ्गाले बनेको घरको गाह्रो चारैतिर भत्केर भग्नावशेष मात्र बाँकी छ। घरभित्रै विभिन्न जातका ठूला-ठूलाकाँडा सहितका बिरुवा हुर्केका छन्। भग्नावशेष हेर्दा घरको भित्ता जस्तो पनि देखिँदैन। विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा आदिकवि भानुभक्त नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर पुनःनिर्माण गरिएको थियो । जङ्गलबीचको खरको छानोको घरमा विसं २०६१ जेठमा आगलागी भएको थियो । पश्चिमाञ्चल विकास मञ्चले भानुगृह निर्माण गर्ने भनेको लामो समय भइसकेपनि काम सुरु नभएकाले समितिकै सक्रियतामा अब घर निर्माण थालिने रानाभाटले बताउनुभयो। "घर निर्माण गर्ने भनेर शिलान्यास भएको लामो समय भयो, काम भएन," उहाँले भन्नुभयो, "अब समितिले आफैले घर निर्माण कार्य थाल्छ ।" भानु जन्मस्थल क्षेत्रमा थप केही पूर्वाधार निर्माण गर्नका लागि गुरुयोजना अनुसार रू तीन करोड बजेट लाग्ने देखिएको छ । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको कार्यालय, भानु संस्कृत मावि र भानु संस्कृत विद्यापिठमा कच्चीबाटो रहेकाले वर्षायाखममा आवतजावत गर्न कठिनाई भएकाले कालोपत्र, पक्की नालाका लागि बजेट आवश्यक रहेको रानाभाट बताउनुहुन्छ। विसं १८७१ असार २९ गते तनहुँको भानु नगरपालिकास्थित चुँदी रम्घामा जन्मिनुभएका भानुभक्तको नाम विश्वभर प्रख्यात छ। भानु जयन्तीको दिन देशभित्र तथा देशबाहिर पनि विविध कार्यक्रम हुँदै आएका छन् । भानुभक्तको योगदानको कदर गर्दै चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल बनाउने भनेर योजना बनाइए पनि कार्यान्वयन नभएकामा स्थानीय निराश छन्।

# कृषकलाई अनुदानमा हाते ट्र्याक्टर

**पोखरापत्र संवाददाता**
गोरखा, २ चैत

गोरखाको आरुघाट गाउँपालिकाले पालिकाभित्र कृषि क्षेत्रलाई यान्त्रिकीकरण बनाउँदै लैजाने उद्देश्यका साथ कृषकलाई हाते ट्र्याक्टर वितरण गरेको छ। गाउँपालिकाले पालिकाभित्रका ६९ कृषक छनोट गरेर ७० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर वितरण गरेको गाउँपालिका अध्यक्ष राजु गुरुङ्गले जानकारी दिनुभयो।

कृषि पेसामा नै आत्मानिर्भर बन्दै आएका कृषक छनोट गरेर गाउँपालिकाले कृषकलाई हाते ट्र्याक्टर वितरण गरेको उहाँले बताउनुभयो । "हामीले सार्वजनिक सूचनामार्फत आवेदनका लागि आह्वान गरेका थियौँ", उहाँले भन्नुभयो, "आवेदन दिएका एक सय ३५ जनामध्ये छनोट गरेर ट्र्याक्टर वितरण गरिएको हो", परम्परागत शैलीमा खेती गर्दै आएका कृषकको कृषि पेसालाई प्रविधिमैत्री बनाउँदै कृषिमै उनीहरूलाई आत्मनिर्भर बनाउनका लागि सहयोग पुऱ्याउने उद्देश्यले पालिकाले अनुदानमा ट्र्याक्टर वितरण गरेको अध्यक्ष गुरुङ्गको जानकारी दिनुभयो।

यसबाट कृषिकर्मलाई काम छिटो, छरितो बनाउनुका साथै कृषि क्षेत्रलाई आधुनिकीकरण र प्रविधिमैत्री बनाउँदै लैजान सकिने उहाँको भनाइ छ। "पुराना कृषि प्रविधिको माध्यमबाट मात्रै अब कृषि उत्पादनमा वृद्धि गर्न गाह्रो हुन्छ, गाउँपालिका अध्यक्ष गुरुङले भन्नुभयो, "जोत्नका लागि गोरु पाल्न छोडे, जग्गा बाँझो बस्न थाल्यो, बाँझो जमिनमा खेती गर्न कृषकलाई हौसला प्रदान गर्न ट्र्याक्टर वितरण गरिएको हो।"

पालिकाभित्रका सबै वडाका कृषकलाई समेट्ने गरी ट्र्याक्टर वितरण गरिएको उहाँको भनाइ छ। "हामीले निवेदन परेका कृषक वास्तविक कृषक हुन् की होइनन् पुष्टि गरेर मात्र अनुदानमा ट्र्याक्टर उपलब्ध गराएका हौँ", गुरुङले भन्नुभयो।

# स्थानीयवासीले जगाए पुरानो मेला

पोखरापत्र
गण्डकी, २ चैत

लामो समयदेखि बन्द रहेको परम्परागत 'सिस्टेनी मेला' रुपावासीको सक्रियता फेरि सुरु भएको छ।

पचासको दशकको सुरुतिर बन्द भएको उक्त मेलाको जगेर्नामा स्थानीय कस्सिएका हुन्। कास्कीको, रुपा गाउँपालिका-६ मा यसपालिको चैतेदशैँमा दोस्रो सिस्टेनी मेला हुँदैछ । रुपाताल छेउमा लाग्ने उक्त मेला यही चैत १५ देखि १७ गतेसम्म चल्ने आयोजक शान्तिरुपा बराहथोक तमु युवा परिवारले जनाएको छ।

संस्थाका अध्यक्ष बुद्धिबहादुर गुरुङले खेल, कला, संस्कृति र पर्यटन प्रवर्द्धनको उद्देश्यले मेला राखिएको बताउनुभयो। कास्कीको तेस्रो ठूलो ताल रुपातालको प्रचारप्रसारमा पनि मेलाले सघाउने आयोजकको विश्वास छ । मेलाको आकर्षणमा पुरुष भलिबल, छेलो, रस्साकस्सी र भाले छुने प्रतियोगिता आयोजना हुनेछन् । भलिबल प्रतियोगितामा प्रथम हुनेलाई रु ६० हजार, दोस्रोलाई ३० हजार र तेस्रोलाई १५ हजार पुरस्कारको व्यवस्था गरिएको छ । मेलाबाट बचत भएकोमध्ये ५० प्रतिशत रकम रुपाकोट 'भ्यूटावर' निर्माणमा खर्च गरिने अध्यक्ष गुरुङले बताउनुभयो । मेलाबाट रू छ लाख २४ हजार आम्दानी हुने र त्यसबाट खर्च खटाएर रु दुई लाख २५ हजार जति बचत हुने आयोजकको अनुमान छ। स्थानीय तुलबहादुर गुरुङले परापूर्वकालदेखि सिस्टेनीमा मेला लाग्ने गरेको सुनाउनुभयो। "द्वन्द्वलगायतका कारणले असुरक्षा बढेपछि मेला बन्द हुन पगेको थियो", उहाँले भन्नुभयो, "हराएको मेलालाई गाउँले मिलेर फेरि जगाएका छौँ, पहिलेभन्दा मेला केही परिमार्जित भएको छ ।" बाउबाजेका पालामा भैँ मौलिकता दिन नसकेपनि मेलामा स्थानीय संस्कृति र खानपानलाई प्राथमिकता दिइने उहाँले बताउनुभयो। पहिले रुपाकोट गाविस हुँदा भङ्गेरा, बराहथोक र जमनकुनाका स्थानीयवासी मिलेर मेला चलाउँथे। मेला हेर्न छिमेकी तनहुँ, लमजुङ, पर्वत, स्याङ्जालगायत जिल्लाबाट मानिस आउने गर्दथे । मेलामा घरेलु सीपबाट बनेका घरेलु हातहतियारसहितका घरायसी प्रयोगका सामानको किनमेल हुन्थ्यो। खाजा-खानाका परिकार पनि स्थानीय बाली र अन्नपातका हुन्थे। मेलामा चुड्का भजन र ठाडो भाका गाएर गाउँले एक आपसमा रमाउँथे। उहिलेदेखि त्यसरी चल्दै आएको मेला बन्द भएपछि चिन्तित स्थानीय फेरि एकजुट भएर मेलाको उत्थानमा लागेका हुन् । विसं २०७४ मा सोही संस्थाको आयोजनामा पहिलो सिस्टेनी मेला भएको थियो । बीचमा कोभिड-१९ महामारी आदि कारणले मेला स्थगित हुन पुग्यो । अहिले पुनः मेलाले निरन्तरता पाएको हो।

# विद्यालय भवन हस्तान्तरण

**पोखरापत्र संवाददाता**
लमजुङ, २ चैत

समाजसेवी कालिका दवाडी र मुक्तिनाथ दवाडीले दूधपोखरी गाउँपालिका-२ विचौरस्थित श्री बागीश्वरी माध्यामिक विद्यालयलाई आफ्नो निजी खर्चमा निर्माण गरिएको भवन हस्तान्तरण गर्नुभएको छ।

आफ्ना बुबाआमाको स्मृतिमा रु ३० लाखको लागतमा निर्माण गरिएको दुईतले चारकोठे चूडामणि रुक्मिणा दवाडी स्मृति भवन तथा कम्प्युटर प्रयोगशाला भवन एक समारोहबीच उहाँहरुले हस्तान्तरण गर्नुभएको हो।

विसं २००६ मा भाषा पाठशालाका रुपमा स्थापना भएको सो विद्यालयले विसं २०३४ मा माध्यामिक विद्यालयको स्वीकृति पाएको थियो । हाल कक्षा १२ सम्म सञ्चालन रहेको यस विद्यालयमा करिब चार सय विद्यार्थी अध्ययनरत छन्।

भवन हस्तान्तरण समारोहमा प्रदेशसभा सदस्य डा टकराज गुरुङले विद्यालयको शैक्षिकस्तर अभिवृद्धि एवं गाउँमा सडक स्तरोन्नति र केन्द्रीय प्रसारण लाइन विस्तारलगायतका विकास निर्माणमा आफूले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्दप्रसाद दवाडीको अध्यक्षतामा भएको सो कार्यक्रममा समाजसेवी कालिका दवाडी र मुक्तिनाथ दवाडीले गाउँको शैक्षिक विकासमा योगदान दिनुहुने बुवाको स्मरणमा विद्यालय भवन निर्माण गर्न पाउँदा खुसी लागेको र आगामी दिनमा पनि यस किसिमको सहयोग गर्दै जाने बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक हरिनारायण दवाडीले विद्यालय स्थापनादेखि मावि सञ्चालन गर्नका लागि आवश्यक जग्गा उपलब्ध गराउने र स्वीकृति दिलाउन तत्कालीन प्रधानपञ्च एवं समाजसेवी चूडामणि दवाडीले सक्रिय नेतृत्व लिनुभएको स्मरण गर्नुभयो। सो अवसरमाराष्ट्रियस्तरकाकलाकारद्वारा विभिन्न सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

यसअघि सोही विद्यालयका शिक्षक स्व चेतोनाथ अधिकारीको स्मृतिमा उहाँको परिवारले रु छ लाखको लगानीमा विद्यालय हाताभित्र सरस्वतीको मन्दिर पनि निर्माण गरेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ सफामार्ग चोकदेखि उत्तर तर्फको नारायण लामिछानेको घरसम्म बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः सफामार्ग चोकदेखि उत्तर तर्फको नारायण लामिछानेको घरसम्म बाटो ढलान**
**स्थानः पोखरा–११ सफामार्ग**
**योजना सम्झौता मिति : २०७९/११/१९ गते**
**योजना सम्पन्न मिति : २०७९/१२/२८ गते**
**योजनाको कुल लागत : रु. ९,४१,५४६.२२ ।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,००० ।–**
**जन सहभागितावाट : रु.१,४१,५४६.२२ ।–**
**उपभोक्ता समिति अध्यक्षः नारायण प्रसाद लामिछाने**
**सचिवः रामकृष्ण कडेल, कोषध्यक्षः अनुपमणि अधिकारी**
**अनुगमान समिति संयोजकः वडा सदस्य एवं संयोजक सुसिल बास्तोला**

**सफामार्ग चोकदेखि उत्तर तर्फको नारायण लामिछानेको घरसम्म बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-११ सफामार्ग**


# अनलाइनबाटै घरघरमा फापरको झिलिङ्गा र खुर्पानीको सुकुटी

पोखरापत्र
गण्डकी, २ चैत

फापरको झिलिङ्गा, खुर्पानीको सुकुटी, स्याउ र खुर्पानीको अर्गानिक जुस मुस्ताङका मौलिक उत्पादन हुन् । प्रचारप्रसारको अभावमा जिल्लाभित्रै सीमित रहेका यी रैथाने उत्पादनले अब भने बाहिरी बजारमा आफ्नो स्वादलाई चखाउन पाउने भएका छन्।

यहाँ पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान) ले जिल्लाका महिला उद्यमीलाई चारदिने 'डिजिटल मार्केटिङ'सम्बन्धी तालिम प्रदान गरेपछि आफ्नो उत्पादनलाई बाहिरी बजारमा पठाउने तयारी सुरु भएको छ । जिल्लामै खपत हुने फापरको झिलिङ्गा, खुर्पानीको सुकुटी, स्याउ र खुर्पानीको जुसलगायत हिमाली रैथाने उत्पादनको माग काठमाडौँ र पोखरामा उच्च छ।

व्यापारिक ज्ञानको अभावमा जिल्लाभित्र नै सीमित रहेका यी उत्पादन अब 'डिजिटल मार्केटिङ' का माध्यमबाट जुनसुकै ठाउँमा पनि पुऱ्याउन सकिने तालिमका प्रशिक्षक आँखीझ्याल टेक्नोलोजिका इञ्जिनियर उज्ज्वल पौडेलले जानकारी दिनुभयो ।जिल्लामा उत्पादन हुने वस्तुबारे अनलाइनका माध्यमबाट थाहा हुने र सिधा सम्पर्कबाट खरिद गर्न पाउने उहाँले बताउनुभयो । अनलाइन, इमेल, इन्टरनेट, सामाजिक सञ्जालका माध्यमबाट पर्यटन प्रवर्द्धन र उत्पादनको बजारीकरणको उपायबारे जान्न पाउँदा यहाँका महिला उद्यमी उत्साहित भएका छन् । तालिममा अनलाइनका माध्यमबाट पर्यटन प्रवर्द्धन र उत्पादनको बजारीकरणमा कसरी काम गर्न सकिन्छ भन्नेबारेमा उद्यमीलाई सिकाइएको थियो । गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र घरपझोङ गाउँपालिकाको सहयोगमा टेवानले तालिम दिएको हो। तालिममा मुस्ताङ र पोखराका पर्यटन व्यवसायीबीच भएको अन्तरक्रियामा पर्यटकीय साझेदारीको आवश्यकतामा जोड दिइएको थियो। मुस्ताङका होटल व्यवसायी पनि उक्त तालिमबाट लाभान्वित भएका स्थानीय शोभित शेरचनले बताउनुभयो । घरपझोङ गाउँपालिकाका प्रमुख मोहनसिंह लालचनले मुस्ताङ क्षेत्रको पर्यटकीय प्रवर्द्धनका लागि पोखराको सहयोग आवश्यक रहेको बताउनुभयो । त्यसैगरी नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले मुस्ताङ धार्मिक पर्यटनको विशिष्ट गन्तव्य रहेको उल्लेख गर्दै यस्ता मौलिक उत्पादन नेपाली बजारमा मात्रै होइन विश्व बजारमा समेत प्रवर्द्धन गर्न सक्नुपर्ने बताउनुभयो।

# दुई करोडमा तनहुँमा 'औद्योगिक ग्राम' बनाउन सुरु

पोखरापत्र
तनहुँ, २ चैत

गण्डकी प्रदेश र आँबुखैरेनी गाउँपालिकाको लगानीमा वडा नं २ मार्कीचोकमा 'औद्योगिक ग्राम' निर्माण गर्न लागिएको छ। प्रदेशको रु एक करोड ४० लाख र गाउँपालिकाको रु ६० लाख बजेट विनियोजन गरी औद्योगिक ग्राम निर्माण गर्न लागिएको हो।

घरेलु उद्योगलाई आधुनिक प्रविधिमैत्री बनाउने उद्देश्यले औद्योगिक ग्राम सञ्चालन गर्न लागेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । स्थानीयवासी चेपाङ र भुजेलले उत्पादन गर्ने परम्परागत बाँसजन्य सामग्री निर्माण तथा आरन पेसालाई आधुनिकीकरण गर्न तालिम प्रदान गरी तालिमपश्चात् व्यावसायिक बनाउने लक्ष्य रहेको बताइएको छ । गाउँपालिका मातहत रहेका छवटै वडाका गरी करिब ६० जनालाई समेटेर सुरुमा तालिम प्रदान गर्ने योजना रहेको गाउँपालिकाले जनाएको छ। स्थानीयस्तरमा रहेका स्रोत र साधन परिचालन गरी रोजगार सिर्जना गरी आर्थिक क्षेत्रमा सबल बनाउने गाउँपालिकाले लक्ष्य लिएको छ।